"शैक्षिक, प्रशासनिक, पर्यटकिय शहर स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर"

## आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

## वीरेन्द्रनगर नगरपालिका

***सुर्खेत***

**"शैक्षिक, प्रशासनिक, पर्यटकिय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर"**

# वीरेन्दनगर नगरपालिकाको १९ औं नगर सभामा
# नगर प्रमुख श्री मोहनमाया ढकाल भण्डारीज्यूद्धारा प्रस्तुत
# आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

आदरणीय नगरसभा सदस्यज्यूहरू,

कर्णाली प्रदेशको राजधानी भएको नगरपालिका वीरेन्द्रनगर नगरपालिका हो । यस नगरपालिकाको दोस्रो निर्वाचन पश्चात ९औं तथा हालसम्मको १९औं नगरसभामा सम्बोधन गर्न पाउँदा गौरवान्वित भएको छु। साथै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने राष्ट्रिय हितका खातिर देशको विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनको अग्रमोर्चामा रहि शहादत प्राप्त गर्ने ज्ञात अज्ञात सम्पूर्ण वीर शहिदहरू तथा कर्णाली प्रदेश स्थापनाका लागि ज्यान आहुति दिने शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै विभिन्न आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै समाज परिवर्तनको अग्रस्थानमा रही योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति सम्मान व्यक्त गर्दछु।

कर्णाली प्रदेशको राजधानीको रुपमा रहेको यस नगरपालिकालाई प्राप्त स्रोत र साधनको अधिकतम उपयोग गर्दै पूर्वाधार तथा सामाजिक र समावेशीकरण विकासको क्षेत्रलाई अगाडि बढाएका छौं । नगरपालिकालाई यहाँ सम्म ल्याई पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबै नगरवासीहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु। प्रदेश राजधानी भए संगै यस नगरपालिकामा प्रचुर सम्भावना बढेर गएका छन्। दिन प्रतिदिन उच्च जनसंख्या वृद्धिको अवस्था रहेको यस नगरपालिकामा सीमित स्रोत र साधनका कारण समुदायको आकांक्षालाई पूर्ण सम्बोधन गर्न सकिएको छैन। तर पनि नगरपालिकाका संग उपलब्ध सीमित स्रोत र साधनबाट उत्कृष्ठ नतिजा तथा नगरबासिका आकांक्षालाई हासिल गर्नुपर्ने हुन्छ । यति हुँदा हुदै पुर्वाधार निर्माण सामाजिक न्याय शिक्षा स्वास्थ्य तथा राजस्वको दायरा लाई विश्लेशण गर्दा नेपाल सरकारको मापदण्ड अनुसार उपमहानगरपालिका बन्ने सम्पूर्ण मापदण्ड पुरा गर्न सफल भएकोमा सम्पूर्ण जनप्रतिनिधि, प्रशासन र सम्पुर्ण नगरबासिहरु एंवम कर्णाली प्रदेश सरकार र नेपाल सरकार प्रति हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानी भए संगै प्रदेशको राजधानी शहरमा पाइने सेवा सुविधाको खोजिमा कर्णालीबाट मात्रै नभई कर्णाली वाहिरका जिल्लाहरुबाट पनि यस नगरपालिकामा भइरहेको उच्च आन्तरिक बसाइसराईलाई व्यवस्थित गर्नुपर्ने हुन्छ ।यसै सन्दर्भमा सम्भावनाको खोजी गर्दै बसाईसराई भई आएकाहरुलाई स्वागत गर्दै उनीहरु संग भएको रैथाने सीप र क्षमता नगरको विकास र समृद्धिमा उपयोग गर्न knowledge Bank स्थापना गरि नगरलाई समृद्ध बनाउँदै लैजान थप सृजनात्मक भएर यो नगरपालिका अगाडि बढिरहेको छ। आम जनताको मर्मलाई आत्मसाथ गर्दै नगरको सर्वाङ्गिण विकास र समृद्धिका लागि जनसमुदायबाट सुझाव संकलन गरी विभिन्न निति तथा कार्यक्रमहरु निर्माण गरी संचालनमा ल्याईएको छ ।

यो जनअपेक्षा र युवा उर्जालाई सही दिशा निर्देश गर्दै वैचारिक स्पष्टता, नीतिगत निरन्तरता र सुदृढ राजनीतिक नेतृत्वको छहारी भित्र व्यवस्थित गरी परिणाममुखी बनाइनेछ। दलीय संस्थागत जिम्मेवारी र सुशासनको बलियो धरातलमा उभिएर मात्रै युवा पुस्ताका सुन्दर सपनाहरू स्थापित हुन सक्छन् भन्ने यथार्थलाई हामी मनन गर्दछौं।
वीरेन्द्रनगर नगरपालिकाले लिएको निति अनुरुप यो पालिकालाई देशकै एक नमूना, प्रविधिमैत्री र आर्थिक रूपमा आत्मनिर्भर स्थानीय सरकारको रूपमा स्थापित गरिनेछ।

यसै सन्दर्भमा **शैक्षिक, प्रशासनिक, पर्यटकिय शहर स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर हाम्रो रहर भन्ने** आम नगरबासीको आकांक्षालाई आत्मसात् गर्दै यस नगरसभाबाट आर्थिक वर्ष २०८३०८/४ मा नगरपालिकाले अबलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्रस्तावको रुपमा यस सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्न चाहन्छु ।

## १. आर्थिक विकास क्षेत्र

### (क) राजस्व र कर

१. चालु आर्थिक वर्षमा कायम रहेका करका दरहरूलाई यथावत् राख्दै करको आधार र क्षेत्र विस्तार गरी राजस्व प्रणालीलाई न्यायोचित बनाइनेछ।

२. राजस्व सुधारको वर्ष अभियानलाई सुदृढ गर्दै सबै करदाताहरूको विवरणलाई भौगोलिक सूचना प्रणाली नक्साङ्कन (डिजिटल प्रणाली) मा आबद्ध गरी अनिवार्य सञ्जालमा ल्याइनेछ।

३. राजश्व अभिवृद्धिको लागि सम्बन्धित सबै सरोकारवाला निकाय निजी क्षेत्र तथा समुदायसँग समन्वय सहकार्य गरी करको दायरा विस्तार गरिनेछ ।

४. राजश्व सुधार अभियानलाई प्रभावकारी बनाउदै नगरलाई आत्मनिर्भर तर्फ लगिनेछ र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

५. डिजिटल प्रणाली मार्फत करदाताको प्रोफाइल तयार गरी करदाताको अभिलेख व्यवस्थित गरिनेछ ।

६. स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने सम्पत्ति कर, घरबहाल कर, भूमि कर, व्यवसाय कर, जडीबुटी, सवारी साधन, विज्ञापन र मनोरञ्जन करलाई एकीकृत रूपमा आबद्ध गरिनेछ।

७. बक्यौता व्यवसाय कर भुक्तानीका लागि औचित्यता र आवश्यकताका आधारमा जरिवाना तथा विलम्ब शुल्कमा कानुनी छुट र सहुलियतको नीति लिइनेछ।

८. महिला, दलित, अपाङ्गता भएका व्यक्ति र युवाहरूद्वारा सञ्चालित स्थानीय कच्चा पदार्थमा आधारित लघु एवं घरेलु उद्योगहरूको व्यवसाय शुल्कमा २० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ। समयमै कर तिरी नागरिक दायित्व पूरा गर्ने उत्कृष्ट करदाताहरूलाई नगर स्थापना दिवसको अवसरमा विशेष रूपमा सम्मान गरिनेछ।

९. नगरपालिका र अन्तर्गतका निकायहरूबाट वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा नगरपालिकामा व्यवसाय दर्ता भई नियमित कर चुक्ता गरेका व्यवसायीहरूबाट मात्र खरिद गर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ।

१०.लामो समय देखि नगरपालिका वा वडा कार्यालयमा व्यवसाय दर्ता नगरी व्यवसाय संचालन गरिरहेका व्यवसायहरुलाई दर्ताका लागि प्रोत्साहित गरिनेछ साथै लामो समयदेखि व्यवसाय कर नतिरिरहेकाहरुका लागि जिरिवाना विलम्ब शुल्क वा हर्जना आवश्कता र औचित्यताका आधारमा करमा छुट दिइनेछ आगामि तिन वर्षको मात्र व्यवसाय शुल्क लिइने छ ।

## (ख) कृषि तथा पशुपन्छी विकास

११. **कृषि उद्यममा वृद्धि, साना तथा महिला किसानमा समृद्धि** भन्ने आदर्श वाक्यका साथ जलवायु परिवर्तनको असर, सिँचाइको कमी, आधुनिक प्रविधिको न्यून प्रयोग र कृषि क्षेत्रबाट युवाहरू बाहिरिने चुनौतीलाई सम्बोधन गर्न परम्परागत खेती प्रणालीमा व्यापक सुधार गरिनेछ। कृषिको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण मार्फत युवा तथा महिला उद्यमीहरूलाई प्रोत्साहन गर्दै उत्पादनदेखि बजार सुनिश्चिततासहितको सुदृढ मूल्य शृङ्खला विकास गरिनेछ।

१२. **हाम्रो अठोट, व्यावसायिक पकेट क्षेत्रमा जोड** भन्ने गन्तव्यका साथ स्थानीय अर्थतन्त्रको दिगो विकासमा ध्यान दिदै वीरेन्द्रनगर नगरपालिकाका वडा नं १३, १४, १५ र १६ लाई तरकारी फलफुल दुध जन्य र मासु जन्य पदार्थको कृर्षि पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

१३. **सिँचाइमा लगानी, कृषकलाई आम्दानी**को नारा साकार पार्न कृषि पूर्वाधार विकास अन्तर्गत हालसम्म सिँचाइ सुविधा नपुगेको खेतीयोग्य जमिनमा सिञ्चित क्षेत्रफल बढाउन महिला तथा जलवायु अनुकूलित साना सिँचाइ, स्यालो ट्युबवेल, बोरिङ र थोपा सिँचाइका कार्यक्रमहरूलाई विशेष प्राथमिकताका साथ सघन रूपमा सञ्चालन गरिनेछ।

१४. **साना किसानको पहिचान, पालिकाको अनुदान**को मूल मर्मलाई आत्मसाथ गर्दै आर्थिक रूपमा विपन्न, साना र सीमान्तकृत किसानहरूको संरक्षणका लागि **कृषिजन्य वस्तुको आयात घटाऊ, स्थानीय उद्यमी बढाऊ र साना किसानको पहिचान, विपन्नलाई अनुदान** नीति लिइनेछ।

१५. नगरपालिकाको प्रथम पञ्च वर्षिय योजनाको पहिलो वर्षको लक्ष्य अनुरूप कृषि क्षेत्रको आधुनिकीकरणका लागि वास्तविक उत्पादनमा आधारित अनुदान प्रणालीको थालनी गरिनेछ। न्यून पुँजी भएका कृषकहरूलाई प्रविधि, आधुनिक कृषि यन्त्र, काउम्याट, र प्लास्टिक टनेल मर्मतका लागि पारदर्शी र मागमा आधारित ५० प्रतिशत अनुदान उपलब्ध गराई कृषि उत्पादकत्व बृद्धि गराउन आवश्यक सहजीकरण गरिनेछ ।

१६. **जमिन बाँझो नराखौं, सक्नेलाई खेती गर्न दिऊ** भन्ने दूरदृष्टिका साथ भूमिहीन र व्यावसायिक किसानहरूलाई प्रोत्साहन गर्न लिज र जग्गा करार मार्फत सामूहिक खेती गर्ने कृषकहरूलाई

जग्गा भाडामा विशेष नगर अनुदान तथा सहुलियत दिइनेछ। खेती गर्न सम्भावित कृषि क्षेत्रहरूमा आवश्यक भौतिक पूर्वाधार जस्तै कृषि सडक, सिँचाइ र साना सङ्कलन केन्द्रहरू निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

१७. **बिउमा परनिर्भरता घटाऔं स्थानीय बिउ बचाऔं** भन्ने नाराका साथ कृषि सहकारीहरूसँग रणनीतिक सहकार्य गरी वीरेन्द्रनगरको हावापानी सुहाउँदो गुणस्तरीय स्थानीय एवं रैथाने बिउ-बिजनको अनुसन्धान, विकास, संरक्षण र जैविक भण्डारणका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ र बिउ वितरण प्रणालीलाई व्यवस्थित बनाइनेछ साथै सहरी क्षेत्रमा कौसि खेति प्रणालीमा जोडदिईनेछ ।

१८. बिना धितो ऋणको उपलब्धता, युवा र महिला उद्यमशीलतामा सहजता कृषकहरूलाई कृषि व्यवसाय विस्तार गर्न र पुँजीको अभाव हुन नदिन निक्षेप तथा कर्जा सुरक्षण कोषसँग रणनीतिक साझेदारी गरिनेछ।

१९. पशुपन्छी सेवालाई प्रत्यक्ष अनुभवका साथै सेवा प्रवाह गर्ने गरी डिस्पेन्सरी सेवाको बिस्तार , पशुपन्छी उपचार सेवा, प्राइमेरी ल्याब सेवा र कृत्रिम गर्भाधान सेवा सञ्चालन, व्यबस्थापन र बिस्तार गरिनेछ ।

२०. गौशालालाई व्यवस्थित र दिगो रुपमा सञ्चालन गर्ने गरी आत्मनिर्भरताको लागि थप व्यबस्थित गर्न ट्रेबिज निर्माण तथा प्राविधिक सहयोग र सुझावका साथै छिमेकी पालिकाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

२१. पशुपन्छीहरुको स्वास्थ्यका लागि बिभिन्न किसिमका औषधी उपचार सेवा, पशु स्वास्थ्य शिविर र पशुपन्छीका बिभिन्न किसिमका महामारीजन्य रोग नियन्त्रणका लागि खोप सेवा कार्यक्रम सञ्चालन गर्ने साथै पशु विमाको नीति लिइनेछ ।

२२. रेम्बो ट्राउट माछापालनको लागि सम्भाव्य स्थान छनौट तथा व्यबसाय विस्तार गर्नका लागि मागको आधारमा माछाको पोखरी र भुरा ढुवानी गरी व्यबसाय प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२३. कृतिम गर्भाधानबाट पशु गर्भाधान भई व्याएको सुत्केरी पशुलाई पोषणमा सुधार ल्याउन सुत्केरी पोषण कोसेली प्रदान गर्ने नीति लिइनेछ ।

२४. व्यबसायिक कृषकहरुको घरदैलोमा नै सेवा उपलव्ध गराउने उद्देश्यका साथ हर्ट हेल्थ कार्यक्रम मार्फत पशुपन्छीको स्वास्थ्य परिक्षण, नमुना परिक्षणका साथै प्राविधिक सरसल्लाह स्थलगत रुपमा नै दिई सेवाको गुणस्तरमा बृद्धि गर्नुका साथै पशुपालनमा उत्प्रेरित गर्ने नीति लिइनेछ ।

२५. उपभोक्ताहरुलाई स्वस्थ मासु उपलब्ध गराउन मासु पसललाई करको दायरामा ल्याउन बजार अनुगमन कार्यलाई निरन्तरता दिदै व्यापक सूचना सम्प्रेषण गर्ने कार्य गरी नगरको राजस्व वृद्धिमा सहयोग पुग्ने बिभिन्न कार्यक्रमहरु सञ्चालनका साथै मासु पसल प्रवर्द्धनका लागि आबश्यक सहयोग गर्ने नीति लिईनेछ ।

२६. नगरपालिका भित्र रहेको खसी बधशाला तथा मासु पसलहरु निर्माण तथा सुधार गरी स्वच्छ र स्वस्थ मासु उपभोक्ता समक्ष पुऱ्याउने नीति लिइनेछ ।

**(ग) उद्योग, वाणिज्य तथा सहकारी क्षेत्र**

२७. नवप्रवर्तन र प्रविधिमैत्री उद्यमशीलतालाई प्रोत्साहित गर्दै **एक वडा, एक उद्यमशीलता" र "साना उद्यम, ठूलो परिवर्तन**को नीति अनुरूप स्थानीय कच्चा पदार्थ, परम्परागत ज्ञान, सीप र श्रममा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको विकास, संरक्षण र प्रवर्द्धनका लागि वित्तीय उत्प्रेरणा सहितका प्रवर्द्धनात्मक कार्यक्रमहरू कार्यान्वयन गरी स्थानीय उत्पादनको बजारीकरण गरिनेछ ।

२८. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप उपयोग, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, र विभिन्न सङ्घसंस्था मार्फत हुने सीप विकासका तालिम तथा कक्षाहरू वीरेन्द्रनगर नगरपालिकाबाटै एकद्वार प्रणाली (One-Door System) मार्फत परिचालन र सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२९. नवप्रवर्तनमा आधारित युवा उद्यमीहरूका लागि स्टार्टअप इन्क्युबेसन सेन्टर (Startup Incubation Center) सञ्चालन गरिनेछ भने नव युवाहरूका लागि रोजगार सूचना केन्द्र मार्फत स्थानीय स्तरमै श्रममूलक रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

३०. कृषक तथा युवाहरूको क्षमता प्रमाणीकरणका लागि सीप परीक्षण (Skill Testing) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३१. रोजगारदाता र रोजगार आकांक्षीहरू बीच प्रत्यक्ष समन्वय गराउन नगर स्तरमा **रोजगार तथा सीप मेला** सञ्चालन गरिनेछ भने रोजगार सम्बन्धी कार्यक्रमहरूलाई व्यवस्थित र पारदर्शी बनाउन स्वीकृत कार्यविधि अनुसारको कार्यान्वयन समितिको बैठकलाई नियमित गरिनेछ।

३२. वीरेन्द्रनगरको बजार क्षेत्रलाई व्यवस्थित र सौन्दर्यकरण गर्न फुटपाथ क्षेत्रको प्रयोग सम्बन्धी स्पष्ट मापदण्ड निर्धारण गरी डोके, डुलुवा, रिक्सा र साना व्यवसायीहरूको पहिचान र वर्गीकरण गरी उनीहरूको उचित व्यवस्थापन, संरक्षण र व्यवसायको सुरक्षा गरिनेछ।

३३. नगरको आतिथ्यता र सहरी यातायातलाई थप मर्यादित बनाउन अटो चालकहरूका लागि सकारात्मक सोच र जीवन रूपान्तरण सम्बन्धी विशेष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३४. विगतका वर्षहरूमा नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित विभिन्न सीपमूलक तालिमहरू प्राप्त गरी स्थानीय स्तरमै सफल भएका उत्कृष्ट उद्यमीहरूको र विशेषगरी लक्षित वर्गका महिला उद्यामीहरुको व्यावसायिक सङ्घर्ष र सफलताका कथाहरू (Success Stories) अभिलेखन तथा पुस्तकका रूपमा प्रकाशन गरिनेछ।

३५. सार्वजनिक यातायातका साधनहरूमा सुरक्षित र भरपर्दो यात्राका लागि निजी क्षेत्रको सहकार्यमा जीपीएस ट्र्याकिङ सिस्टम (GPS Tracking) जडान गर्न प्रोत्साहित गरिनेछ।

३६. निष्क्रिय तथा समस्याग्रस्त सहकारीहरूको पहिचान गरी सदस्यहरूको बचतको जोखिम न्यूनीकरण गर्न आवश्यक कानुनी संरचना निर्माण र कडा अनुगमन गरिनेछ।

**पर्यटनः**

३७. वीरेन्द्रनगर नगरपालिकाको पर्यटकीय गुरु योजना निर्माण गरी पर्यटकिय स्थल विभिन्न भाषाभाषि तथा कला संकृति तथा सम्पदाहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरिने छ ।

३८. वीरेन्द्रनगरका प्रमुख पर्यटकीय स्थलहरूको डिजिटल लोकेशन म्यापिङ (Location Mapping App) एप निर्माण गरिनेछ र पर्यटकीय स्थलहरूमा डिजिटल सूचना पाटी र ब्रोसरको व्यवस्था गरिनेछ।

३९. ऐतिहासिक बुलबुले उद्यान, बुलबुले ताल, देउती बज्यै मन्दिर र लाटिकोइली शिव मन्दिर क्षेत्रको पूर्वाधार विकासमा तीव्रता दिइनेछ। छेडादेखि गढी भ्यू-टावरसम्मको क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्र घोषणा गरी ऐतिहासिक पहिचान झल्कने गरी भवन संहिता (Building Code) जारी गरी लागू गरिनेछ।

४०. पर्यटकीय सम्पदाको व्यापक प्रचारप्रसार र रणनीतिक क्षेत्रको प्रवर्द्धन नगरपालिका भित्र रहेका ऐतिहासिक तथा प्राकृतिक रूपमा महत्त्वपूर्ण पर्यटकीय क्षेत्रहरू जस्तै गढी, भ्यू चुला, जर्बुटा, र शक्ते काँडा र रानिघाटको दिगो विकास र प्रवर्द्धनका लागि विशेष नीति अवलम्बन गरिनेछ। वीरेन्द्रनगरलाई प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न यी क्षेत्रहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचारप्रसार र प्रवर्द्धन गर्ने नीति लिइनेछ।

४१. ऐतिहासिक एवं पुरातात्विक सम्पदा काँक्रिविहार क्षेत्रमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई लक्षित गरी स्थानीय कला, संस्कृति र घरेलु उत्पादनहरू बिक्री वितरण गर्न एक व्यवस्थित स्थानीय उत्पादन बिक्री कक्ष (Sales Outlet) स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

४२. काँक्रिविहार क्षेत्रभित्रका पर्यटकीय पूर्वाधारहरूलाई जलवायु उत्थानशील मापदण्डका आधारमा सुदृढ गरिनेछ। पर्या-पर्यटनका यी योजनाहरू तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय समुदाय, महिला र लक्षित वर्गको प्रत्यक्ष आर्थिक लाभ सुनिश्चित गरिनेछ भने काक्रेविहार क्षेत्रभित्र पर्यटकहरूको सहजताका लागि स्वच्छ खानेपानी व्यवस्थापन र अन्य आवश्यक पर्यटकीय पूर्वाधार निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

४३. नगरस्तरीय साहित्य सम्मेलन तथा सांस्कृतिक उत्सवहरूको आयोजना गरी स्थानीय कला र साहित्यको प्रवर्द्धन गरिनेछ। रैथाने खाद्य परिकार विविधीकरण तालिमका माध्यमबाट स्थानीय स्वादलाई पर्यटनसँग जोडिनेछ।

४४. आदिवासी जनजाति, वादी, मुस्लिम, राजी र थारु समुदायको भाषा, संस्कृति, मौलिक भेषभूषा र परम्परागत ज्ञानको पुस्तान्तरणका लागि सांस्कृतिक प्रवर्द्धन कार्यक्रम तथा सङ्ग्रहालयहरूको संरक्षण र सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४५. आन्तरिक पर्यटन एवम स्थानीय भाषा र संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्नका लागि वीरेन्द्रनगर नगरपालिकाका १६ वटै वडाका जातजाती /भाषाभाषीलाई समेट्दै रैथाने साँस्कृतिक महोत्सव सञ्चालन गरिनेछ ।

## २. सामाजिक विकास क्षेत्र

### (क) शिक्षा युवा तथा खेलकुद

४६. वीरेन्द्रनगर नगरपालिकालाई उत्कृष्ट शैक्षिक केन्द्र बनाउने दूरदृष्टिका साथ निर्माण गरिएको दश वर्षे शिक्षा क्षेत्र योजनाका आधारमा शिक्षासम्बन्धी बजेट तथा कार्यक्रमहरू क्रमशः तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

४७. बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्न सञ्चित गरिएको **म बनाउँछु, मेरो नगर शिक्षा विकास कोष**मा रहेको रकमलाई यस आर्थिक बर्षमा लक्षित समूहमा अधिकतम लाभ हुने गरी करिव सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थिहरुलाई छात्रवृद्धि प्रदान गरिनेछ।

४८. विद्यालय समायोजन दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यलाई निरन्तरता दिदै थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४९. वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत् बालबालिकाको व्यक्तित्व विकास एवम् प्रतिभा प्रदर्शनका लागि नगरपालिककास्तरीय पढाइ मेला प्रतिभा प्रदर्शनी एवम विद्यार्थी महोत्सव सञ्चालन गरिनेछ ।

५०. विद्यालय शिक्षालाई सूचना प्रविधि अनुसन्धान नवप्रवर्दन सिपमुलक उद्यमसिलता एंव आटिफिसियल इन्टिलिजेन्स (AI) को प्रयोगमा जोड दिइने छ ।

५१. गुणर्तरिय शिक्षामा सवैंको पहुँच सुनिचित गर्न स्थानिय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने निति लिइने छ । भने आ.व. २०८३/०८४ लाई शैक्षिक सुधार वर्षको रुपमा घोषण गरिने छ ।

५२. अंग्रेजी, गणित तथा विज्ञान विषयमा रहेको शिक्षक अभावलाई पूर्ति गर्नका लागि स्थापित नगरपालिका स्तरीय सिकाइ सहजीकरण केन्द्रलाई थप आधुनिक र प्रभावकारी ढङ्गले सञ्चालन तथा व्यवस्थापन गरिनेछ। सामुदायिक विद्यालयका माथिल्लो कक्षामा विषयगत शिक्षकको प्राप्ति र टिकाउको समस्यालाई समाधान गर्न डिजिटल शिक्षक बैंक (Teacher Bank) को विकास गरी रिक्त पदमा शिक्षक पूर्ति गर्दा सोही बैंकलाई प्रयोगमा ल्याइनेछ ।

५३. **घर बलियो जगले, विद्यालय बलियो बाल विकास**ले भन्ने आदर्श वाक्यका साथ प्रारम्भिक बाल विकास (ECD) कक्षाहरूलाई भौतिक र शिक्षण सूचकका आधारमा प्रभावकारी रूपमा व्यवस्थापन र सुदृढीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५४. सबै माध्यमिक विद्यालयहरूमा अनिवार्य रूपमा एन.सि.सि. (NCC), जुनियर रेडक्रस र नेपाल स्काउटसम्बन्धी कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक सहजीकरण गरिनेछ।

५५. आधारभूत तहको कक्षा ८ सम्म कार्यान्वयन भएको स्थानीय विषय पाठ्यक्रम **हामी र हाम्रो वीरेन्द्रनगर**को प्रभावकारी कार्यान्वयन गर्नका साथै उक्त पाठ्यक्रमलाई यस आर्थिक वर्षमा समसामयिक परिमार्जन र थप व्यवहारिक बनाउने कार्यलाई प्राथमिकतामा राखिनेछ।

५६. विद्यालयहरूमा कार्यरत् शिक्षक र अध्ययनरत् विद्यार्थीहरूमा अतिरिक्त क्रियाकलाप, खेलकूद, सङ्गीत, योग र ध्यान, करियर गाइडेन्स तथा मनोपरामर्श जस्ता सीपहरुको विकास गर्ने कार्यमा आवश्यक सहजीकरण गरिनेछ।

५७. विद्यालयभन्दा बाहिर रहेका बालबालिका एवम् प्रौढहरूका लागि सामुदायिक सिकाइ केन्द्रहरू मार्फत वैकल्पिक सिकाइ मार्गतर्फ तह २ र ३ का कक्षाहरू सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक सहजीरकण गरिनेछ।

५८. मध्यपश्चिम विश्वविद्यालय र सुर्खेत बहुमुखी क्याम्पससँगको साझेदारी र सहकार्यमा शिक्षक मेन्टरिङ, प्रधानाध्यापक, शिक्षक र विद्यालय कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई विद्यार्थी चाप बढी भएका विद्यालयहरूमा स्वयम् सेवक शिक्षकको रूपमा परिचालन गर्ने कार्यलाई परीक्षणका रूपमा लागू गरिनेछ। नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयनमा निवृत्त शिक्षक र कर्मचारी सम्मिलित **वीरेन्द्रनगर थिङ्क ट्याङ्क** स्थापना र परिचालन गरिनेछ।

५९. मध्यपश्चिम विश्वविद्यालय संग गरिएको वृहत शैक्षिक सुधार कार्यक्रम अन्तरगत स्थापना गरिएको रु दुई करोडको छात्रवृद्धि कोष परिचालनको निति यसै वर्ष कार्यान्वयनमा ल्याउदै नगर भित्रका जेहेन्दार विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययनमा सहयोग गरिने छ।

६०. अटिजम भएका बालबालिकाका लागि प्रारम्भिक सिकाई केन्द्र स्थापना गरी संचालनमा ल्याईने छ ।

६१. अंग्रेजी भाषाको माध्यमबाट शिक्षण गर्न गराउन शिक्षकको क्षमता विकास गरिनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सहयोग गर्न इच्छुक गैरसरकारी सङ्घसंस्था तथा निजी शैक्षिक संस्थाहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ।

६२. माध्यमिक विद्यालयहरूमा स्टेम शिक्षा (STEM Education) लाई प्रबर्धन गर्नका लागि विज्ञान, सूचना प्रविधि, सङ्गीत, योग र गणित विषयको आधुनिक प्रयोगशालाको निर्माण र कार्यान्वयन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।

६३. शैक्षिक प्रशासन तथा व्यवस्थापनलाई सक्षम नतिजामुखी तथा प्रभावकारी रुपमा संचालन गर्न प्रध्यानध्यपक र शिक्षक संग कार्य सम्पादन करार गरी सिकाई उपलब्धि वृद्धिमा जफावदेहि बनाउदै लगिने छ ।

६४. कक्षाकोठामा नगर प्रमुख कार्यक्रम संचालन गरी स्थानिय सरकार विद्यार्थि र विद्यालय विच अनुभव आदानप्रदान गरिने छ।

६५. विद्यालयको भौतिक पक्षमा सुधार गर्न र बालबालिकाका लागि उपयुक्त सिकाइ वातावरण निर्माणका लागि नगर प्रमुख शैक्षिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तर सञ्चालन गरिनेछ।

६६.संस्थागत विद्यालय, मन्टेश्वरी, ट्यूशन तथा कोचिङ सेन्टर आदिको नियमन गर्दै संस्थागत रूपमा सञ्चालन भएका विद्यालयहरूको मापदण्ड तयार गरी वर्गीकरण र स्तरीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६७. युवाको उमेर समूह (१६ देखि ४० वर्ष) को आवश्यकतालाई दृष्टिगत गर्दै **युवासँग उपमेयर** कार्यक्रम मार्फत युवाहरूको सर्वाङ्गीण विकास, रोजगारी र सामाजिक कुरीति विरुद्ध परिचालन गरिनेछ। खेलकुद र युवा क्षमता विकासका पूर्वाधारहरू निर्माण गर्दा अपाङ्गतामैत्री र लैंगिक संवेदनशील मापदण्डहरू अनिवार्य गरिनेछ।

६८. खेलकुदको जग बलियो बनाउन सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा खेलकुद प्रशिक्षकको व्यवस्थापन गरिनेछ।

६९. स्वास्थ्य र राष्ट्रका लागि खेलकुद भन्ने आदर्श वाक्यका साथ राष्ट्रपति रनिङ सिल्ड, लगायतका खेलहरू सञ्चालन गरिनेछ भने **एक वडा, एक खेलमैदान** निर्माण गर्ने कार्यलाई क्रमशः सबै वडाहरूमा विस्तार गरिनेछ।

७०. कर्णाली प्रदेश स्तरिय वीरेन्द्रनगर मेयर कप दोस्रो सस्करण — २०८३ संचालन गरिने छ ।

७१. नगर खेलकुद तथा नगर युवा परिषद् गठनका लागि कानुन निर्माण गरी खेलकुद तथा युवा केन्द्रित गतिविधिहरू अगाडि बढाइनेछ।

७२. यस नगरपालिकामा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीलाई प्रशिक्षण, तालिम लगायतका अन्य व्यवस्थापकीय कार्यमा नगरपालिकाका तर्फबाट विशेष सहयोग गरिनेछ र पदक प्राप्त खेलाडीहरूको प्रोफाइल तयार गरी सम्मान गरिनेछ।

७३. नगर क्षेत्रमा संचालित विद्यालयहरुमा गुणस्तरिय शिक्षाको सुनिश्चित गर्न प्रत्येक वर्षको नतिजाको आधारमा स्तरिकरण गरी विद्यार्थिको उच्चतम शैक्षिक वृद्धि गर्न प्रोत्साहन स्वरुप लगानि वृद्धि गरिने छ ।

७४. सामुदायिक विद्यालयमा स्वच्छ खानेपानी सफा शौचालय र व्यवस्थित खेलमैदान कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

**(ख) जनस्वास्थ्य, पोषण तथा चिकित्सा**

७५. "सरसफाई र स्वस्थ जीवनशैली हाम्रो रहर, स्वास्थ्य सेवामा सबैको पहुँच वीरेन्द्रनगर" भन्ने मुल नाराका साथ, प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुयाइने छ ।

७६. समुदायमा नै पुगी प्रत्येक परिवारको स्वास्थ्य तथ्याङ्क संकलन गरि सोही तथ्याङ्कका आधारमा जीवनपथको अवधारणा अनुरूप गर्भवती, सुत्केरी, नवशिशु, बाल स्वास्थ्य, किशोर-किशोरी, वयस्क तथा ज्येष्ठ नागरिक स्वास्थ्यका साथै सर्ने र नसर्ने रोगसम्बन्धी सेवाहरू प्रवाह गर्न प्रत्येक वडामा सामुदायिक स्वास्थ्य कार्यक्रम क्रमशः लागू गर्दै लैजाने व्यावस्था मिलाईने छ ।

७७. गर्भवति महिलाहरुको निःशुल्क भिडियो एक्सरे सेवा संचालनलाई निरन्तरता दिन सामुदायीक भिडियो एक्सरे सेवा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७८. यस पालिका अन्तर्गतका वर्थिङ्ग सेन्टरबाट सुत्केरी हुने महिलाहरुकालागि नगर प्रमुख सुत्केरी पोषण कोशेली कार्यक्रमको निरन्तरता तथा गर्भवति महिलालाई प्रसुति सेवाको लागी निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिने छ ।

७९. हेलो गर्भवती आमा कार्यक्रमलाई अझ व्यवस्थित गराईने छ । पहुच नपुगेका क्षेत्रहरुको पहिचान गरी पहुचमा ल्याईनुका साथै Aama App, Aama Parent App कार्यक्रम सञ्चालन गरिने छ ।

८०. महिलाहरुका स्वास्थ्य समस्याहरुको पहिचान, निदान तथा उपचार गर्नका लागि नियमित तथा बिशेष शिबिरहरु मार्फत प्रत्येक वडाको स्वास्थ्य संस्थाहरुमा महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जाँच, पाठेघर खस्ने समस्याको जाँच, स्तन क्यान्सरको जाँच तथा फिस्टुलाको जाँच र परामर्श सेवा दिइने छ ।

८१. वीरेन्द्रनगर नगरपालिकालाई Healthy City (स्वस्छ सहर)को रुपमा विकास गर्ने कार्यलाई अगाडी वढाईनुका साथै दश हजार पाईला कार्यक्रमको सुरुवात गरिनेछ ।

८२. स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै लगिने छ र पालिकालाई पोषण मैत्री स्थानीय शासन प्रवर्धन कार्य अघि वढाउन वडाहरुबाट कार्यक्रम सुरुवात गरिने छ ।

८३. उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटुरोग, अर्वुदरोग, दम, मोटोपना, दाँत, आँखा, कान र मानसिक स्वास्थ्य समस्या जस्ता नसर्ने रोगहरुको स्क्रिनिङ्गका लागि नगरका सवै वडाहरुमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

८४. नगरभित्र रहेका थारु समुदायमा सिकलसेल एनिमिया रोगको परिक्षण, उपचार तथा पोषणको व्यवस्थापन गरिने छ साथै परिक्षणका लागि कर्णाली प्रदेश अस्पताल संग आवश्यक सहकार्य गरिने छ ।

८५. वीरेन्द्रनगर नगरपालिकाका सवै वडाहरुमा प्रेसर र मधुमेह रोगिहरुको परिक्षण रोग निधान उपचार र नियन्त्रण गरिने छ ।

८६. खोप कार्यक्रमलाई अझै प्रभावकारी बनाउनुका साथै खोपको खेरजाने दरलाई घटाउन खोप टोली बनाई सबै खोप केन्द्रबाट खोप सेवा उपलब्ध गराईने छ । साथै पालिकालाई पूर्ण खोप सुनिश्चितता र दिगोपना कायम गरिने छ ।

८७. आर्युवेदिक प्रद्धतिलाई पनि जनसमुदायको पहुँचमा पुर्याउन आरोग्य केद्रलाई थप सुविधा यूक्त बनाईने छ ।

**८८. नगरपालिकामा मनोपरामर्श सेवा कक्ष सञ्चालन गरी समुदाय स्तरमा मनको चौतारी कार्यक्रमको सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।**

८९. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि माध्यमिक विद्यालयहरुमा किशोर किशोरी स्वास्थ्य कुना (Adolescence Health Corner) को सुरुवात गरिने छ । नीजि तथा संस्थागत मा वि तहका विद्यालयहरुमा विद्यालय नर्स स्वयं विद्यालयलेनै व्यवस्थापन गर्नेगरि प्रकृया बढाईने छ ।

९०. समय सापेक्ष स्वास्थ्यकर्मीहरुलाई तालिमको व्यवस्थापन, जोखिम भत्ताको व्यवस्थापन र अध्ययन अवलोकन भ्रमणको व्यवस्थापन गरिनुका साथै कार्यसम्पादनका आधारमा स्वास्थ्य संस्थाहरु र स्वास्थ्य कर्मचारीहरुको मूल्यांकन गरी पुरस्कृत तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

९१. नगरपालिका देखि संचालन भएको निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउदै सेवा क्षेत्र थप विस्तार गरिने छ ।

९२. नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ । साथै यस वर्ष सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा eHMIS Online विस्तार गरिने छ ।

९३. रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल मार्फत नियमितरुपमा नगर स्वास्थ्य कार्यक्रम, स्वास्थ्य सम्बन्धी जानकारीहरु र सन्देशहरु प्रवाह गरिनेछ ।

९४. मर्यादित महिनावारी र सरसफाई लाई महिला मैत्रि बनाई प्रभावकारी कार्यक्रम संचालन गर्न स्वास्थ्य संस्था/गाऊँघर क्लिनिकबाट निशुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

९५. सबै स्वास्थ्य संस्थाहरुबाट दिइएको सेवालाई जवाफदेही बनाउन सामाजिक परिक्षण कार्यक्रम गर्नुका साथै डिजिटल गुनासो पेटिकाको सुरुवात गरिने छ ।

९६. यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेको नगर अस्पताललाई स्तरोन्नती गरी विशेषज्ञ सेवा उपलब्ध गराईने छ । भने वीरेन्द्रनगर वडा नं. ९ लाटिकोईलीमा निर्माणाधिन १५ सैयाको नगर अस्पताल यसै आ.व.मा सञ्चालनमा ल्याईने छ ।

९७. नगरपालिका क्षेत्र भित्रका सम्पुर्ण सरकारी तथा निजि स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गरि हेल्थकेयर क्वालिटी रेटिङ (Star Rating) कार्यलाई प्राथमिकतामा राखिने छ।

९८. निजि अस्पताल तथा क्लिनिकहरुबाट विपन्न नागरिकका लागि १०% शैय्या (Beds) निःशुल्क गर्ने व्यवस्था मिलाईने छ ।

९९. पालिका स्तरमा अटिजम र अन्य मानसिक स्वास्थ्य समस्याहरूको प्रारम्भिक पहिचान गर्न विशेषज्ञ सेवा सहितको स्क्रिनिङ शिविर सञ्चालन गरिनेछ। अटिजम भएका बालबालिकाका लागि आवश्यक पर्ने स्पिच थेरापी, अकुपेसनल थेरापी र व्यवहारिक उपचार सेवालाई नगर अस्पतालमा थप सेवा विस्तार गरिने छ ।

१००. अपाङ्गता भएका व्यक्तीहरूको जटिल शल्यक्रिया, उपचारात्मक पुनर्स्थापना र कृत्रिम अङ्ग जडान कार्यलाई प्रभावकारी बनाउन अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (HRDC) जस्ता संस्थाहरूसँग प्राविधिक तथा संस्थागत समन्वय गरी निशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

## (ग) महिला, बालबालिका, जेष्ठ नागरिक

१०१. वीरेन्द्रनगर नगरिपालिका द्वारा निर्माण गरिएको हिंसा प्रभावित महिलाहरुका लागि सुरक्षित आवाशगृह उचित व्यवस्थापन सहित यसै वर्षदेखि संचालनमा ल्याईनेछ ।

१०२. विपन्न वर्गका महिलाहरूको आयआर्जन सुधारका लागि स्थानीय कच्चा पदार्थ र बजारको माग अनुरूप सीपमूलक उद्यमशीलता तालिम प्रदान गरी उनीहरूलाई उद्यमशीलता र बिउ पुँजी मार्फत आत्मनिर्भर बनाइनेछ।

१०३. लैङ्गिक हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरूका लागि निःशुल्क, गुणस्तरीय र प्रभावकारी कानुनी तथा मनोवैज्ञानिक सेवा सुनिश्चित गरिनेछ।

१०४. वीरेन्द्रनगर नगरपालिकाको नगर गौरवको आयोजनाको रुपमा रहेको छोरी बचत कार्यक्रमलाई निरन्तरता दिदै बैंक खाता खोल्ने रु १ हजारलाई यस वर्षदेखि रु २ हजार पुर्याईने छ ।

१०५. वीरेन्द्रनगरलाई बालमैत्री नगरपालिका बनाउने उद्देश्यका साथ वडा नं ८ पछि बाँकी रहेका वडाहरूमा बालमैत्री स्थानीय शासन (CFLG) वडा घोषणा अभियानलाई तीव्रता दिइनेछ। वडा तथा नगरस्तरीय बाल सञ्जालहरूको वैधानिक गठन र पुनर्गठन गर्दै योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता र बाल अधिकारलाई सुनिश्चित गरिनेछ।

१०६. बालविवाह न्यूनीकरण, छाउपडी र जातीय विभेद जस्ता सामाजिक कुरीतिहरू विरुद्ध समुदायस्तरमा प्रभावकारी सचेतना अभियानहरू सञ्चालन गरिनेछ।

१०७. जोखिममा रहेका र समस्याग्रस्त बालबालिकाहरूको पहिचान गरी उनीहरूको संरक्षण गरिनेछ भने मानव सेवा आश्रमसँगको सहकार्यमा वीरेन्द्रनगर नगरपालिकालाई पूर्ण रूपमा "सडक बालबालिकामुक्त नगर" बनाउने अभियानलाई मूर्त रूप दिइनेछ।

१०८. ज्येष्ठ नागरिकहरूको सम्मानका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्दै प्रत्येक वडामा दिवासेवा कार्यक्रम संचालन गरिनेछ।

१०९. अपाङ्गता भएका र यौनिक अल्पसंख्यक व्यक्तिहरूको आत्मसम्मान र अधिकारको रक्षाका लागि उनीहरूको आवश्यकता र क्षमता अनुरूपका स्वःरोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### (घ) खानेपानी तथा सरसफाई

११०. नगरपालिका क्षेत्रभित्रका सबै घरधुरीमा स्वच्छ, सुरक्षित र गुणस्तरीय पिउने पानीको पहुँच पुर्‍याउन हाल सञ्चालित साना सहरी तथा अन्य सामुदायिक खानेपानी आयोजनाहरूको संरचनागत विस्तार र स्तरोन्नति गरिनेछ।

१११. खानेपानीका मुहानहरूको दीर्घकालीन बचावटका लागि निश्चित क्षेत्रहरू पहिचान गरी कानुनी रूपमा पानीको मुहान संरक्षण क्षेत्र घोषणा गर्ने नीति लिइनेछ। उपत्यकाको भूमिगत जलस्तर संरक्षणका लागि वैकल्पिक स्रोतका रूपमा रहेका डिप बोरिङहरूमा रिजर्भायर ट्याङ्की निर्माण गरिनेछ भने नयाँ व्यावसायिक बोरिङ खन्ने कार्यलाई प्रभावकारी नियमन गरी अनुमति प्रणालीलाई अनिवार्य बनाइनेछ।

११२. वीरेन्द्रनगर उपत्यकाको दीर्घकालीन खानेपानी समस्या समाधानको मेरुदण्डको रूपमा रहेको निर्माणाधीन भेरी लिफ्टिङ खानेपानी आयोजनाको निर्माण कार्यलाई तीव्र पारिनेछ।

११३. बजार क्षेत्रको तीव्र सहरीकरणलाई व्यवस्थित गर्न र वर्षातको पानीको निकासका लागि स्वीकृत गुरुयोजना अनुसार मुख्य ढल निकास निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

११४. सार्वजनिक स्थलहरूमा आधुनिक, अपाङ्गतामैत्री र लैङ्गिक संवेदनशिल स्मार्ट शौचालयहरूको निर्माण र दिगो व्यवस्थापनका लागि निजी क्षेत्र, टोल विकास संस्था र उपभोक्ता समितिहरूसँग रणनीतिक साझेदारी गरिनेछ।

११५. नगरपालिकालाई पूर्ण सरसफाइयुक्त पालिका बनाउन **स्वच्छ वीरेन्द्रनगर, स्वस्थ नगरवासी** अभियानलाई वडास्तरमा समुदायको सहभागितामा व्यापक बनाइनेछ।

## ३. पूर्वाधार विकास क्षेत्र

### (क) जलवायु परिवर्तन र दिगो विकास

११६. नगरपालिकाबाट निर्माण हुने सार्वजनिक पूर्वाधारहरूलाई अपाङ्गतामैत्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री बनाउन लैङ्गिक उत्तरदायी पूर्वाधार (Gender-Responsive Infrastructure) को अवधारणालाई आत्मसाथ गरिनेछ र नमूनाको रूपमा केही ठूला योजनाहरूमा यसको अभ्यास

प्रारम्भ गरिनेछ। विकास निर्माणका कार्यहरूलाई दिगो बनाउन जलवायु परिवर्तन मैत्री पूर्वाधार (Climate-Resilient Infrastructure) का मापदण्डहरू अवलम्बन गरिनेछ।

११७. नगरवासीहरूलाई सर्वसुलभ, सुरक्षित र व्यवस्थित सार्वजनिक यातायात सेवा उपलब्ध गराउन नगर यातायात गुरुयोजना परिमार्जन गरी यसै आर्थिक वर्षभित्र वीरेन्द्रनगरमा एकीकृत नगर बस सेवा सञ्चालनमा ल्याइनेछ।

११८. सडक दुर्घटनाको जोखिम न्यूनीकरण र सहरी यातायातलाई प्रविधिमैत्री बनाउन रत्न राजमार्गको मङ्गल गढी चोकमा निर्माणाधीन आकाशे पुल (Overhead Bridge) को निर्माण कार्य यसै वर्ष सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

११९. वीरेन्द्र चोकको सवारी सङ्केत बत्ती (ट्राफिक लाइट) लाई पूर्ण रूपमा सुचारु गरिनेछ भने ऐरीचोक र एयरपोट चोकको विस्तार तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।

१२०. बढ्दो सवारी चाप र सहरी पार्किङलाई व्यवस्थित गर्न सिटी बसपार्कको विस्तार निर्माण कार्य यसै आ.व.मा सम्पन्न गरी संचालनमा ल्याईने छ ।

१२१. लामो दूरीका सवारी साधन व्यवस्थापनका लागि प्रस्तावित कर्णाली बसपार्क निर्माणको लागि आवश्यक प्रकृया सुरु गरिएको छ भने यसै नेपाल सरकार बाट जग्गा भोगअधिकार प्राप्त गरी सङ्घ र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा यथाशीघ्र निर्माण कार्य प्रारम्भ गरिनेछ।

१२२. नगरको ऐतिहासिक पहिचान र सहरी सौन्दर्यसँग जोडिएका नगर गौरवका मुख्य आयोजनाहरू जस्तै घण्टाघर पार्क निर्माण, घण्टाघर दक्षिण पार्क तथा पार्किङ निर्माण र गोदामलाइन पार्किङ निर्माण कार्य यसै आर्थिक वर्षभित्र अनिवार्य रूपमा सम्पन्न गरी बजार क्षेत्रको पार्किङ समस्यालाई सधैका लागि समाधान गरिनेछ।

१२३. नगर गौरवको आयोजनाको रुपमा वडा नं. ६ मा रहेको हटिया चोक अगाडिको सार्वजनिक स्थलमा बालबालिकाको लागि खुल्ला खेलमैदान तथा पार्किङ् को रुपमा विकास गरिने छ ।

१२४. महिला मैत्री सहर परियोजना अन्तर्गत पहिचान भएका सार्वजनिक खुला क्षेत्रहरूलाई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक अनुकूल हुने गरी समावेशी र जलवायु उत्थानशील खुला पार्क (Resilient Open Spaces) को रूपमा विकास गर्ने कार्यलाई अगाडि बढाइनेछ।

१२५. नगर क्षेत्रभित्रका कालोपत्रे तथा ग्राभेल सडकहरूमा पर्ने खाल्डाखुल्डी र तत्काल आइपर्ने अवरोधहरूलाई २४ घण्टाभित्रै मर्मत सम्भार गरी यातायात सुचारु गर्न एक साधनस्रोत सम्पन्न चौबीसै घण्टा क्रियाशील रहने सडक मर्मत युनिट (Road Maintenance Unit) गठन गरी परिचालन गरिनेछ।

१२६. निर्माण सम्पन्न भइसकेका पूर्वाधारहरूको दिगो उपयोगका लागि मर्मत सम्भार कोषको प्रभावकारी परिचालन गरिनेछ र स्थानीय स्तरमा पूर्वाधार संरक्षण समिति गठन गरिनेछ।

१२७. उपत्यका भित्रका खोलाहरूको वास्तविक क्षेत्राधिकार यकिन गरी नदी कटान नियन्त्रणका लागि तटबन्धन कार्यलाई तीव्रता दिइनेछ र स्वीकृत मापदण्ड अनुसार खोला करिडोर निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१२८. वडा नं ९ मा निर्माणाधीन १५ शैयाको नगर अस्पतालको भौतिक पूर्वाधार निर्माण कार्य यसै आर्थिक वर्षभित्र शतप्रतिशत सम्पन्न गरी विशेषज्ञ चिकित्सा सेवा प्रवाहको कार्यलाई सुचारु गरिनेछ। वडा नं १० मा रहेको भेरी आर्यघाट निर्माण कार्यको दोस्रो चरणको भौतिक पूर्वाधार निर्माणलाई पूर्णता दिँदै यसलाई आधुनिक, व्यवस्थित र सुविधायुक्त घाटको रूपमा सञ्चालनमा ल्याइनेछ।

१२९. नगरभित्र सञ्चालित विकास योजनाहरूको निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित र भूकम्प प्रतिरोधी बनाउन स्थानीय डकर्मी, सिकर्मी र निर्माण व्यवसायीहरूका लागि आधुनिक प्रविधि सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

१३०. सहरी विद्युत आपूर्तिलाई सुरक्षित बनाउन सडकमा रहेका अव्यवस्थित विद्युतीय पोलहरूलाई वडाको अगुवाइमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा स्थानान्तरण र व्यवस्थापन गरिनेछ ।

१३१. नगर गौरवको आयोजना उज्यालो सहर कार्यक्रम अन्तर्गत मुख्य सडक र हटलाईनमा सडक बत्ति थप विस्तार गरिने छ ।

१३२. मुख्य बजार क्षेत्रको फूटपाथ व्यवस्थापन यसै वर्ष पुरा गरिने छ भने सार्वजनिक महत्वका ठुला सडकहरुमा फुटपाथ निर्माण कार्य प्रारम्भ गरिनेछ ।

### (ख) भवन तथा वस्ती विकास

१३३. नगरपालिकाको भवन नक्सापास प्रक्रियालाई पूर्ण रूपमा पारदर्शी र कागजविहीन बनाउन विद्युतीय घर नक्सापास प्रणाली (e-BPS) लाई यसै वर्षदेखि पूर्ण रूपमा लागू गरिनेछ।

१३४. **बलियो संरचना निर्माण हाम्रो अभियान, प्रत्येक प्राणीको बचाऔं अमुल्य जीवन** भन्ने अभिप्रायका साथ प्रचलित मापदण्ड बमोजिम भवन निर्माण गर्ने गराउने कार्यलाई प्रभावकारी गराउन नतिजामुलक तथा प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।

१३५. भुकम्प प्रतिरोधी भवन निर्माणका लागि यस अगावै सो सम्वन्धी तालिम लिई सकेका डकर्मीहरुको थप क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था मिलाइनेछ ।डकर्मीहरुलाई भुकम्प प्रतिरोधि भवन निर्माण सम्वन्धि तालिम दिइ तालिम लिएका डकर्मीबाट मात्र निर्माण गर्ने अनुमति दिने व्यवस्था गरिने छ ।

१३६. मौलिकता र सामाजिक विविधता झल्कने गरी शहरी बस्ती विकास र संरक्षण गर्ने ।

१३७. नगरका जोखिम वर्गीकरणका आधारमा वस्ती तथा पूर्वाधारलाई सुरक्षित बनाउन जोड दिइनेछ ।

१३८. १x१ फिट भन्दा सानो पिलर प्रयोग गरी निर्माण भएका संरचनाको अब उप्रान्त नक्सापास नगरिने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### (क) वन तथा वातावरण

१३९. **चक्रिय अर्थतन्त्रको प्रवर्द्धन, संस्थागत फोहर वर्गीकरण र कानुनी दायित्व तथा आफ्नो फोहरको जिम्मेवारी आफैं** भन्ने उत्तरदायित्वको सिद्धान्तलाई संस्थागत गर्दै नगर क्षेत्रका प्रत्येक घरधुरी र व्यावसायिक प्रतिष्ठानहरूमा फोहरलाई स्रोतमै जैविक (कुहिने) र अजैविक (नकुहिने) गरी वर्गीकरण गर्ने कार्यलाई अनिवार्य र कानुनी रूपमा लागू गरिनेछ।

१४०. फोहर व्यवस्थापनमा चक्रिय अर्थतन्त्र (Circular Economy) को नवीन अवधारणा अवलम्बन गरी अजैविक फोहरको पुनः प्रयोग र पुनरुत्पादन मार्फत आयआर्जनका अवसरहरू सिर्जना गरिनेछ।

१४१. घरेलुस्तरमा उत्सर्जन हुने जैविक फोहरबाट घरमै कम्पोष्ट मल र ग्यास उत्पादन गर्ने निजी क्षेत्र तथा टोल विकास संस्थाहरूलाई प्रोत्साहन गरिनेछ।

१४२. ल्याण्डफिल्ड साइटको गुरुयोजना बमोजिम पूर्वाधार निर्माणलाई गति दिँदै पहुँच मार्गको सौन्दर्यीकरण गरिनेछ र नगर क्षेत्रभित्र खुला रूपमा फोहर जलाउने कार्यलाई पूर्ण रूपमा प्रतिबन्ध गरिनेछ।

१४३. प्लास्टिक प्रदूषण नियन्त्रण, सहरी पर्यावरण र प्रविधिमैत्री वायु अनुगमन सहरी सौन्दर्यता र माटोको उत्पादकत्वमा पर्ने नकारात्मक असर न्यूनीकरणका लागि प्लाष्टीक रहित सडक नाला राख्न विशेष कार्यदल तथा समुदाय परिचालन, नेपाल सरकारले तोकेको मापदण्डभन्दा कम गुणस्तरका प्लास्टिकका झोला, प्लास्टिक र्‍यापर भएका गुट्खा तथा सुर्तीजन्य पदार्थको बिक्री वितरण र प्रयोगलाई नियन्त्रण गर्न कडा कानुनी सर्तहरू लागू गरिनेछ।

१४४. विद्यालय र टोल तहमा **प्लास्टिक कैद तथा पुनर्प्रयोग** अभियान सञ्चालन गरी बाल क्लबहरू बीच प्रतिस्पर्धा गराइनेछ। घण्टाघर र बसपार्क जस्ता सार्वजनिक क्षेत्रमा निजी क्षेत्रको सहकार्यमा प्लास्टिक बोतल सङ्कलन गर्ने आधुनिक मेसिनहरू जडान गरिनेछ।

१४५. जनस्वास्थ्य सुरक्षाका लागि प्रमुख चोकहरूमा वायु गुणस्तर मापन स्टेशन स्थापना गरी विवरण सार्वजनिक गरिनेछ। घर परिसरमै आकासे पानी र भान्साको पानी व्यवस्थापन गर्ने प्रणालीलाई प्रोत्साहन गर्न आगामी दिनमा बन्ने भवनहरूको नक्सापास प्रक्रियामा वातावरणमैत्री मापदण्डलाई कडाइका साथ आबद्ध गरिनेछ।

१४६. **स्वच्छ हावा, हरियो सहर, वीरेन्द्रनगर बनाउने हाम्रो रहर** अभियान अन्तर्गत कालोपत्रे भइसकेका मुख्य सडकका दायाँबायाँ रैथाने सौन्दर्यमूलक फूल तथा बिरुवा रोपण गरिनेछ र तिनीहरूको दीर्घकालीन संरक्षणका लागि स्थानीय सङ्घसंस्था वा निजी क्षेत्रलाई जिम्मेवारी हस्तान्तरण गर्ने मोडेल लागू गरिनेछ।

१४७. नगरपालिकाको प्रथम पञ्च वर्षिय योजनाको मार्गचित्र बमोजिम सहरी वन संरक्षण र हरित नगरको अवधारणा अघि बढाईने छ ।

१४८. उत्तरी जलाधार क्षेत्रको संरक्षणका लागि सामुदायिक वनहरूमा जल पुनर्भरण पोखरी निर्माण गरिनेछ र खानेपानीका मूलहरूको संरक्षणका लागि विशेष अभियान सञ्चालन गरिनेछ। ग्रामीण क्षेत्रमा खनिएका सडकहरूको दिगो संरक्षणका लागि जैविक इन्जिनियरिङ (बायो-इन्जिनियरिङ) प्रविधि मार्फत अम्रिसो र घाँसे बिरुवा रोपण गरिनेछ।

१४९. सामुदायिक विद्यालयहरूलाई **हरित र उत्थानशील विद्यालय (Green and Resilient School)** को रूपमा रूपान्तरण गरी बालबालिकाका लागि सुरक्षित शिक्षण सिकाइ वातावरण निर्माण गरिनेछ।

### (ख) विपद् व्यवस्थापन

१५०. सार्वजनिक खोलाहरूको नापी नक्सा अनुसार सीमाङ्कन र तटबन्धन गरी नदी किनारको संरक्षण र सुरक्षित बसोबास सुनिश्चित गरिनेछ।

१५१. विपद तथा जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) तयार गरी कार्यान्वयन गरिनेछ। सम्भावित प्राकृतिक विपद्को सामाना गर्न जोखिम संवेदनशील क्षेत्रहरूको डिजिटल म्यापिङ गरी जीपीएस कोड (GPS CODE) सहितको विपद् सूचना प्रणाली अद्यावधिक गरिनेछ।

१५२. नगर क्षेत्रमा द्रुत अग्नि नियन्त्रणका लागि सबै वडाहरूमा रणनीतिक पानी भण्डारण स्थल निर्माण गरिनेछ र भेरी पम्पिङ आयोजनाको सेवा क्षेत्रभित्रका मुख्य मुख्य स्थानहरूमा आधुनिक अग्नि नियन्त्रण प्रणाली (Fire Hydrant) जडान गरिनेछ।

१५३. नगर भित्र निर्माण हुने ठूला व्यावसायिक, संस्थागत तथा सार्वजनिक भवनहरूमा आकस्मिक निकास मार्ग र आगो नियन्त्रण गर्ने प्रविधि जडान गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ। गृहणीहरू लक्षित भान्साको आगो नियन्त्रण सम्बन्धी प्रयोगात्मक अभिमुखीकरण कार्यक्रमलाई नगर वारुणयन्त्र टोली मार्फत टोल तहसम्म विस्तार गरिनेछ।

१५४. आपत्कालीन जनशक्ति परिचालन, प्रादेशिक समन्वय र उत्थानशील विद्यालय विपद्को समयमा तत्काल खोज, उद्धार र पारदर्शी राहत वितरणका लागि प्रत्येक वडामा विपद् स्वयंसेवक दल गठन गरी तिनीहरूको क्षमता विकास गरिनेछ। आपत्कालीन परिस्थितिमा खोज र उद्धार कार्यलाई

तीव्र बनाउन नगर क्षेत्रमा रहेका सेवानिवृत्त सैनिक, प्रहरी र राष्ट्रिय सेवा दल (NCC) मा आबद्ध युवाहरूको अलग्गै रोष्टर तयार गरी परिचालन गरिनेछ।

१५५. विपद् व्यवस्थापन र राहत सामग्री पूर्वभण्डारणका लागि संचालनमा रहेको आधुनिक आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सेवा विस्तार सहित छिमेकी पालिकाहरूसँग विपद्को समयमा स्रोत र साधन साझेदारी गर्ने अन्तर-पालिका समन्वय नीति थालनी गरिनेछ।

१५६. मनसुन सुरु हुनु अगावै नगरका सबै मुख्य जलनिकास र नालाहरूको मर्मत सम्भार तथा सफाइ गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास क्षेत्र

### (क) सार्वजनिक सेवा तथा सुशासन सम्बन्धी

१५७. यस नगरपालिकाको निर्माणको अन्तिम चरणमा रहेको नयाँ प्रशासनिक भवनलाई यसै आ.व. देखि संचालनमा ल्याईने छ ।

१५८. नयाँ प्रशासनिक भवन पूर्ण प्रविधिमैत्री र आधुनिकीकरण गर्दै भवन परिसर भित्र नागरिक सहायता कक्ष, सेवाग्राही विस्रामस्थल, शुद्ध पिउने पानी र गुनासो सुन्ने संयन्त्र सहित एकद्वार सेवा (One Door Service) एक स्थान सेवा (One Stop Service), एकिकृत सेवा (Integrated Service) मार्फत नगरवासीलाई अझ छिटो छरितो पारदर्शी र प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

१५९. कार्यालय भवन नभएका तथा भाद्र २३ र २४ गतेको जेन जी आन्दोलनका क्रममा आगालागी भई भत्केका वा जिर्ण भएका वडाहरुमा वडा कार्यालय भवनलाई मर्मत सम्भार गरिने र वडा कार्यालयहरुलाई Techno based, well equiped र IT friendly सहितको पूर्ण प्रविधिमैत्री बनाइनेछ।

१६०. नगरपालिकाका लागि आवश्यक पर्ने ऐन नियम र कार्यविधिहरुलाई समयसापेक्ष पुनरावलोकन र संसोधन गरी सो लाई ऐन संग्रहको रुपमा प्रकाशित गरिनेछ।

१६१. एकल महिला, विपन्न दलित, विपन्न आदिवासी, एच.आइ.भी. संक्रमित लगायत सामाजिक सांस्कृतिक र आर्थिक रुपमा पछाडि परेकाहरुका लागि कानुनी परामर्श सेवा विस्तार गर्न परामर्श सेवा खरिद गरिने छ ।

१६२. यस अवधिमा भूमि व्यवस्था सहकारी तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र समेतलाई आधार मानि तीन महिना भित्र व्यवस्थापन सर्भेक्षण (O&M) लाई पूर्णत दिने सम्वन्धमा नगर कार्यपालिकाले पूर्व सहमति समेत प्रदान गरिसकेको सम्वन्धमा यसलाई पूर्णता दिइनेछ साथै प्रत्येक कर्मचारीहरुको कार्यविवरणलाई पुन: अद्यावधिक गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिने छ ।

१६३. नगरपालिकाको व्यवस्थापन परिक्षण (Management Audit) गरी सुधारका क्षेत्रहरुको पहिचान गर्ने र कार्यालयको क्षमता विकास योजना स्वीकृत गरी सोका आधारमा विभिन्न कार्यक्रमहरु

सञ्चालन गरि जनशक्ति तथा संस्थाको क्षमता विकासका कार्यक्रमहरु क्रमश: सञ्चालन गरिनेछ ।

१६४. नगरपालिकामा संचालित आयोजना सफ्टवेयरको अद्यावधिक गर्दै आयोजनाको कार्यन्वयन अवस्था तथा प्रगतिको जानकारी तत्काल प्राप्त हुने व्यवस्था मिलाईने छ ।

१६५. नगरपालिकाबाट सम्पादन गरिएका कार्य तथा प्रगतिहरुको संगालोको रुपमा ५/५ वर्षमा गरिएका कार्यहरुको एकिकृत दस्तावेजिकरण गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

**१६६. कार्यालयमा प्राप्त भएका फाईलहरुको यथाशिघ्र सम्पादन गर्ने र साप्ताहिक रुपमा शून्य फाईल प्रणाली लागु गरिने छ साथै हेल्प डेक्स, टोल फ्री नम्बर तथा मोबाईल एप र अनलाईन गुनासो प्रणालीलाई प्रभावकारी रुपमा संचालनको व्यवस्थापन गरिने छ।**

१६७. नगरपालिकामा रहेका डाटालाई Digital Profile बनाई खण्डिकृत तथ्याङ्कलाई एकिकृत गरी व्यवस्थापन गरिने छ।

१६८. **सेवाग्राही लाईनमा हैन अनलाईमा** भन्ने नारालाई कार्यन्वयन गर्नका लागि आवश्यक कार्यक्रम तयार गरी आवश्यक पर्ने प्रणालीहरुको विकास गरिने छ । नगरपालिका तथा अन्तरगतका कार्यालयहरुलाई डिजिटलाइजेशन गर्न आवश्यक प्रणालीको विकास गरिने छ ।

१६९. नगरपालिकाको प्रथम पञ्च वर्षिय योजना स्वीकृतको अन्तिम चरणमा रहेकोले सोहि बमोजिम आगामि आ.व. देखि बार्षिक योजना वनाउँदा पञ्च वर्षिय योजनासंग अन्तरसम्बन्ध हुने गरी कार्यक्रमहरु संचालन गरिने छ।

१७०. जिन्सी खरिद प्रणालीलाई एकद्वार प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS v2) मार्फत सञ्चालन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

१७१. स्थानिय संचार माध्यमहरुबाट यस नगरपालिकामा भएका विकास निर्माण तथा सार्वजनिक सुचना प्रचार प्रसारको लागि निति लिइनेछ ।

१७२. स्थानिय संचार क्षेत्रमा कार्यरत संचारकर्मिहरुको क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

१७३. यस नगरपालिकाका युवाहरुलाई सूचना प्राविधि फोटोग्राफि भिडियोग्राफि डिजिटल मार्केटिङ जस्ता प्राविधिक तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरी स्वरोजगार बनाउने कार्यक्रमहरु संचालन गरिनेछ ।

१७४. विभिन्न वडाहरुमा नगरप्रमुख संग वडाबासि टाउनहल मिटिङ संचालन गरिनेछ ।

### (ख) संस्थागत विकास

१७५. वर्तमान जनप्रतिनिधिहरूको पाँच वर्षको कार्यकाल पूरा हुन लागेको ऐतिहासिक सन्दर्भमा यस अवधिमा सम्पादन भएका सम्पूर्ण कार्यहरूलाई समेटेर पाँच वर्षको प्रगतिको एकीकृत दस्तावेजीकरण सहितको श्वेतपत्र वा पुस्तक सार्वजनिक गरिनेछ।

१७६. विकास कार्यक्रम तथा पूर्वाधार योजनाहरूको अनुगमन गर्दा केवल भौतिक संरचनामा मात्र सीमित नभएर ती योजनाहरूबाट महिला, दलित, सीमान्तकृत र लक्षित वर्गको जीवनस्तरमा पुगेको वास्तविक लाभ र सकारात्मक प्रभावको विस्तृत विश्लेषण गरी अनुगमन प्रतिवेदनमा अनिवार्य रूपमा समावेश गरिनेछ।

१७७. सार्वजनिक खर्चको समन्यायिकता र प्रभावकारिता सुनिश्चित गर्न १० करोड रुपैयाँभन्दा बढी लागतका ठूला, बहुवर्षीय र नगरका गौरवका आयोजनाहरू सम्पन्न भएको दुई वर्षभित्र स्वतन्त्र तेस्रो पक्ष (Third Party Impact Evaluation) बाट प्रभाव मूल्याङ्कन गराउने परिपाटीको अनिवार्य थालनी गरिनेछ।

१७८. नगरपालिकाको प्रथम पञ्च वर्षिय योजनाको प्रस्थान (पहिलो) वर्ष भएकाले यसले परिकल्पना गरेका समष्टिगत लक्ष्य, रणनीति र दीर्घकालीन सोचलाई वार्षिक बजेट तथा कार्यक्रमसँग प्रारम्भिक रूपमै आबद्ध (Align) गरिनेछ। आवधिक योजनाका प्राथमिकताका क्षेत्रहरू र मध्यमकालीन खर्च संरचना (MTEF) को खाका बमोजिम स्थानीय स्रोत साधनको कुशल र नतिजामुखी विनियोजन गर्ने परिपाटीको थालनी गरिनेछ।

१७९. नेपाल सरकारले अङ्गीकार गरेका दिगो विकास लक्ष्यहरू र नगरपालिकाको प्रथम पञ्च वर्षिय योजनाका आधारभूत सूचकहरूलाई स्थानीय परिवेश अनुकूल आन्तरिकीकरण (SDGs Localization) गरिनेछ।

१८०. प्रथम पञ्च वर्षिय योजनाको पहिलो वर्षको मार्गचित्र अनुसार गरिबी निवारण, लैंगिक समानता, स्वच्छ ऊर्जा र सुरक्षित सहर निर्माणका परिमाणात्मक लक्ष्यहरू हासिल गर्न विषयगत शाखाहरूको वार्षिक कार्यसम्पादनलाई नतिजामुखी बनाइनेछ।

१८१. कानुनी परामर्श सेवा र मेलमिलाप केन्द्रहरूलाई वडास्तरसम्म विस्तार गरिनेछ र विपन्न बस्तीहरूमा व्यापक कानुनी साक्षरता अभियान सञ्चालन गरिनेछ।

**(ग) भूमि व्यवस्थापन**

१८२. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीका लागि आवश्यक व्यवस्थापनका लागि सहजिकरण तथा समन्वय गरिनेछ।

१८३. सरकारी खोलानालाको मापदण्ड तयार गर्ने कार्यमा आवश्यक सहजीकरण गरिनेछ ।

१८४. नियम विपरित प्रयोग गरिएका सरकारी तथा सार्वजनिक जग्गा संरक्षणको कार्यलाई निरन्तरता दिईनेछ ।

**(घ) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी**

१८५. घटना दर्ता सत प्रतिशत पुऱ्याई पूर्ण रुपमा घटना दर्ता पालिका घोषणा गरिने छ ।

१८६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई समायमा नै परिचयपत्र नविकरण गर्नका लागि सूचना प्रचार प्रसार गरिने छ ।

१८७. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुलाई बैंक खातामा नियमानुसारको भत्ता रकम Electronic Fund Transfer (EFT) मार्फत भुक्तानि गरिने छ ।

१८८. सामाजिक सुरक्षा भत्ता वितरण सरल, सहज र पहुँचयोग्य बनाइने छ ।

**(ङ) न्याय सम्पादनसंग सम्वन्धी**

१८९. नेपालको संविधान, प्रचलित कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा स्थानीय स्तरमा उत्पन्न हुने विवादको समाधान छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी विधि र प्रक्रिया अवलम्वन गरी विरेन्द्रनगर नगरपालिकाभित्र बसोबास गर्ने आर्थिक रुपले विपन्न तथा असहाय व्यक्तिहरु सबैका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्ने निःशुल्क कानुनी सहायता एवम् सेवाको व्यवस्था गरिनेछ ।

१९०. कानूनी परामर्शलाई वडास्तरसम्म विस्तार गर्न कानुनी परामर्श सेवा प्रदायक संस्थासंग प्रतिष्पर्धाको माध्यमबाट सेवा खरीद गरी जनताको कानुनी सेवामा सहजीकरण गरिनेछ ।

१९१. स्थानीय स्तरमा न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ । मेलमिलापमार्फत विवाद समाधान गर्ने सामाजिक न्याय र संस्कृतिलाई प्रवर्द्धन गरिनेछ ।

१९२. न्याय सम्पादन प्रक्रियालाई पारदर्शी, प्रभावकारी तथा नागरिकमैत्री बनाइनुका साथै कानुनी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१९३. अन्तरपालिका तथा न्याय सम्पादनसँग सम्बन्धित निकायहरुसँग निरन्तर रुपमा अन्तरक्रिया तथा अनुभव आदान प्रदान गरी न्यायिक समितिको कार्यसम्पादनलाई क्रमशः परिस्कृत गरिनेछ । नगरपालिकाका सूचिकृत मेलमिलापकर्ताद्वारा वडा स्तरमा विवाद समाधानका लागि परिचालन गरिनेछ,

१९४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको न्यायको पहुँचलाई प्राथमिकता दिइनेछ।

**नगरसभाका आदरणीय सदस्य महानुभावहरू,**

प्रस्तुत नीति तथा कार्यक्रमहरूको सफल, प्रभावकारी र परिणाममुखी कार्यान्वयनका लागि विगतका वर्षहरूमा प्राप्त हुँदै आएको अमूल्य सहयोग, सहकार्य र समन्वयलाई निरन्तरता दिँदै सम्पूर्ण सरोकारवालाहरूबाट आगामी दिनमा समेत पूर्ण साथ र प्रतिबद्धताको अपेक्षा गर्दछु। नगरपालिकाको यस कार्यकालको अन्तिम वर्षको नगरसभालाई गरिमामय, ऐतिहासिक र व्यवस्थित बनाउन रचनात्मक एवं महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने आदरणीय वडाध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू र सम्पूर्ण नगरसभा सदस्यज्यूहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

हाम्रो यस पाँच वर्षको यात्रा र नीति निर्माणको प्रक्रियामा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा अमूल्य सुझाव, मार्गनिर्देशन र प्राविधिक सहयोग पुऱ्याउनु हुने आदरणीय बुद्धिजीवी, नागरिक समाज, सञ्चारकर्मी, निजी क्षेत्र र सम्पूर्ण विकास साझेदारहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु।

प्रशासनिक रूपमा यो गरिमामय दस्तावेज तयार गर्न, कार्यशालाहरू व्यवस्थापन गर्न र कार्यान्वयनको व्यावहारिक रूपरेखा कोर्न अहोरात्र खटिनुहुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, सम्पूर्ण शाखा प्रमुखहरू लगायत राष्ट्रसेवक कर्मचारीहरूको मेहेनतको उच्च प्रसंशा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, हामी सबैको साझा सङ्कल्प र अथक प्रयासबाट मात्र "समृद्ध वीरेन्द्रनगर, स्वच्छ र सुशासित नगरवासी" को मूल ध्येय प्राप्त हुन सक्दछ। विगत पाँच वर्षमा जनअपेक्षा पूरा गर्न हामीले बसालेको सुदृढ जगलाई थप मजबुत बनाउँदै यो साझा संकल्प साकार पार्न सम्पूर्ण आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक अपिल गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

**मोहनमाया ढकाल भण्डारी**

**नगर प्रमुख**

**वीरेन्द्रनगर नगरपालिका**

सुर्खेत

१० असार २०८३